## मिति २०८१ पौष २३ गतेको ३८ औं कार्यपालिका बैठकका निर्णयहरुः

एजेण्डाहरु

१) अघिल्लो बैठकको समिक्षा गर्ने ।

२) चौधौं नगरसभाको मिति तोक्ने सम्वन्धमा ।

३) विपद व्यवस्थापन कार्यविधि संशोधन तथा सेफ हाउस सञ्चालन कार्यविधि पारित गर्ने सम्वन्धमा ।

४) पाँच पाण्डव मध्यवर्तिले प्रयोग गरेको न.पा. को भवन सम्वन्धमा ।

५) नगरसभामा पेश गर्ने कार्यक्रम तथा योजना संशोधन सम्वन्धमा ।

६) योजना सम्झौता गर्ने मिति संशोधन सम्वन्धमा ।

७) अटोभाडा दर संशोधन सम्वन्धमा ।

८) एक वडा एक कृषि कार्यक्रमको लागि वडा छनौट सम्वन्धमा ।

९) दुधमा आधारित प्रोत्साहन अनुदान सम्वन्धमा ।

१०) विविध ।

### निर्णयहरु

१) अघिल्लो कार्यपालिका वैठकले गरेका निर्णयहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) माडी नगरपालिकाको चौधौं नगरसभा सम्वत २०८१ साल पौष २८ गते आइतवारका दिन शुभारम्भ गर्ने निर्णय गरियो ।

३) माडी नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन (पहिलो संशोधन ) कार्यविधि, २०८१ तथा सुरक्षित आवासगृह (सेफ हाउस) संचालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

४) पाँच पाण्डव मध्यवर्ति उपभोक्ता समितिले विगतका वर्षदेखि प्रयोगमा ल्याएको वडा नं १ स्थित साविक गर्दि गाविसको भवनलाई नगरपालिकाको मातहतमा ल्याउने र वडाको सिफारिसको आधारमा उक्त भवनको उचित व्यवस्थापन गर्ने निर्णय गरियो ।

५) तेह्रौं नगरसभाले विनियोजन गरेका योजना तथा कार्यक्रममा संशोधन गर्नु पर्ने भएमा आगामी नगरसभामा पेश गर्नका लागि वडा स्तरीय योजना तथा कार्यक्रमको हकमा वडा समितिको पूर्ण बैठकवाट निर्णय गराई २०८१ पौष २५ गते भित्र नगरपालिकामा पठाउने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०८१।९।२३

६) चालु आ.व का योजनाको सम्झौता गर्ने समयावधि २०८१ मंसिर मसान्त सम्म तोकिएकोमा केही योजनाहरु विशेष कारणवाट सम्झौता हुन नसकेको हुनाले संशोधित योजना समेतको सम्झौता गर्ने म्याद २०८१ माघ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

७) नगरकार्यपालिकाको पूर्व निर्णयवाट कायम गरिएको अटोरिक्साको भाडादरमा समयानुकुल परिवर्तन गर्न आवश्यक देखिएकोले अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

८) वागमती प्रदेशको एक वडा एक कृषि कार्यक्रमको लागि यस नगरपालिकाको वडा नं. ३ मा चैते धान खेति सिफारिस गर्ने निर्णय गरियो ।

९) वागमति प्रदेश सरकारको शसर्त कार्यक्रम अन्तर्गतको कार्यक्रम उत्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकमा प्राप्त रकमवाट माडी नगरपालिकाको दुधमा अनुदान कार्यक्रम संचालन कार्यविधि २०८१ अनुरुप संकलनकर्ता मार्फत दुग्ध उत्पादक कृषकहरुको बैंक खातामा भुक्तानी दिने रकममा दामासाही हिसावले सो रकम थप गरि प्रोत्साहन रकम प्रदान गर्ने निर्णय गरियो ।

१०) संघिय सशर्त तथा प्रदेश सशर्त कार्यक्रम मार्फत पशुपन्छी तथा मत्स्य विकास तर्फका प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन सहजिकरणका लागि कार्यालयमा दर्ता भइ आएका आवेदन र प्रस्ताव उपर छानविन तथा मुल्यांकन गर्नका लागि तपशिलको मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| कृषि तथा सहकारी समितिको संयोजक | सदस्य |
| पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख | सदस्य |
| लेखा अधिकृत | सदस्य |
| पशुपंक्षी तथा मत्स्य विकास शाखाको कायक्रम हेर्ने कर्मचारी | सदस्य सचिव |

११) बघौडा अस्पतालका कार्यरत जनस्वास्थ्य निरीक्षक रक्षा पौडेलले अध्ययन विदा स्विकृत गरिपाउँ भनी निवेदन पेश गरेको सन्दर्भमा नगरपालिकालाई आर्थिक भार नपर्ने गरि बेतलवि अध्ययन विदा स्विकृत गर्ने निर्णय गरियो ।

१२) चालु आ व मा स्विकृत हाट बजार व्यवस्थापनको बजेटवाट वडा नं ४ को सिधुवामा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

१३) चालु आव को कार्यक्रम अन्तर्गत हनुमानझुला आधारभुत स्वास्थ्य केन्दमा ल्याव सेवा संचालन गर्नका लागि एक जना ल्याव असिस्टेन्टको करार नियुक्तिको लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय प्रमाणित

Scanned with CamScanner

१४) उमेर हदका कारण अनिवार्य अवकास हुने महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन स्वरुप रु एक लाख प्रदान गरी सम्मानजनक बिदाई गर्ने र यस अधि प्रदान गरिएको रकम समेत अनुमोदन गर्ने निर्णय गरियो ।

१५) हनुमानझुला स्थित सगरमाथा माध्यमिक विद्यालयमा दुर्गम क्षेत्र भएका कारण शिक्षकको अभाव हुने भएकोले माडी नगरपालिकावाट प्रदान हुने स्वयंसेवक निम्न माध्यमिक शिक्षकको लागि यस आ व को शुरु देखि नै लागू हुने गरी मासिक तलव रु २५००० कायम गर्ने निर्णय गरियो ।

१६) वागमती प्रदेश सरकारवाट स्विकृत गृहणी महिला सशक्तिकरण कार्यक्रम तथा भौचर कार्यक्रम मार्फत पूर्व सिकाइ मान्यता विधिवाट सिप परीक्षण कार्यक्रममा यस नगरपालिकाले बहोर्नुपर्ने लागत रकम समपूरक कोषवाट बेहोर्ने निर्णय गरियो ।

१७) आ.व. २०८१/८२ को माडी नगर दररेट किताबमा नभएको तपशिल बमोजिमको सामग्रीहरुको दररेट आ.व. २०८१।८२ मा भरतपुर महानगरपालिकाले स्वीकृत गरेको दररेटलाई आधार लिई यसै आ.व. को माडी दररेटमा समावेश गरि कायम गर्ने निर्णय गरियो ।

**तपसिल**

| क.सं. | विवरण | इकाई | दररेट (मु.अ.क. बाहेक) |
|---|---|---|---|
| १ | १" सम्म बाक्लो सर्फेस ड्रेस गरेको छाप्ने ढुँगा | वर्ग फिट | ८२.०० |
| २ | १.५" सम्म बाक्लो सर्फेस ड्रेस गरेको छाप्ने ढुँगा | वर्ग फिट | ९४.०० |
| ३ | २" सम्म बाक्लो सर्फेस ड्रेस गरेको छाप्ने ढुँगा | वर्ग फिट | १११.०० |
| ४ | २.५" सम्म बाक्लो सर्फेस ड्रेस गरेको छाप्ने ढुँगा | वर्ग फिट | ११९.०० |
| ५ | १.५-३" सम्म बाक्लो सर्फेस ड्रेस गरेको छाप्ने ढुँगा | वर्ग फिट | १४८.०० |
| ६ | चेप्टो दर्शन ढुँगा औसत मोटाई ३० मि मि | वर्ग फिट | १२०.०० |
| ७ | चेप्टो दर्शन ढुँगा औसत मोटाई ३० मि मि | वर्ग फिट | १००.०० |
| ८ | Cement Chair with different color (Double Seated Size 60"x37"x30") | गोटा | ९०००.०० |
| ९ | Design Cement Chair with different color (Double Seated Size 60"x37"x30") | गोटा | ७५००.०० |
| १० | Providing and Laying of 200 gsm UV stabilized plastic Sheet for Roofing work with necessary fitting all complete as per instruction of site incharge. | वर्ग मि. | १४५.०० |
| ११ | Providing and Laying of insect net with necessary fitting all complete as per instruction of site incharge. | वर्ग मि. | ७०.०० |
| १२ | Providing and Laying of mulching plastic (25-40) microns with necessary fitting all complete as per instruction of site incharge. | रोल | ३९३५.०० |
| १३ | Supply of Submersible Pump (3HP) | सेट | ६३९०१.५० |
| १४ | Supply of Submersible Pump (2HP) | सेट | ५५०००.०० |
| १५ | Supply of Monoblock Pump (3HP) | सेट | २४५७७.५० |
| १६ | Supply of Monoblock Pump (2HP) | सेट | २४०००.०० |

निर्णय प्रमाणित

२०८१।६।२३

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

१८) महिला शान्ति र सुरक्षा सम्वन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी दोश्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने प्रयोजनाथ गठित पिडित तथा प्रभावित महिला तथा वालिकाको समष्टिगत आवश्यकता पहिचान उपसमितिको काम अन्तर्गत पिडित महिला तथा वालवालिकाको तथ्यांक संकलन कर्तालाई प्रति व्यक्ति रु १०० उपलब्ध गराउने निर्णय गरियो ।

१९) माडी नगरपालिकामा प्रज्ञा प्रतिष्ठान गठन गर्नको आगि आवश्यक विधेयक तयार गर्न सैद्धान्तिक सहमती दिने निर्णय गरियो ।

२०) चितवन राष्ट्रिय निकुन्जको मिति २०८१।९।२२ च नं १०३६ को पत्र बमोजिम माग भएको स्थानमा स्थायी रुपमा प्यारा जम्प अभ्यास गर्ने स्थानको सैद्धान्तिक सहमती दिने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०८१।९।२३